# मोदी इनर्जी लिमिटेड
## डिल्लीबजार, काठमाण्डौं

# वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितीः २०८०/०१/२६)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०१/२४ मा बसेको सञ्चालक समितिको ४९ औं बैठकको निर्णयानुसार यस कम्पनीको पाचौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० जेठ १६ गते (मई ३०, २०२३)

समय : दिउँसो ३ बजे

स्थान : डिल्लीबजार, काठमाण्डौं स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ।

**क. सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. कम्पनीको नियमावलीको नियम २७ (३) संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**